# सूचनाको हकको प्रबर्द्धनमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री माननीय कुलप्रसाद केसीको प्रतिबद्धता

सूचनाको हकको कार्यान्वयनमा प्रदेश सरकारको सक्रियताका लागि राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री माननीय कुलप्रसाद केसीसँग २०७८ माघ १६ गते  भेट गरी महत्वपूर्ण छलफल भयो । बुटवलस्थित लुम्बिनी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको सो भेटमा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले सूचनाको हकसम्बन्धी कानुनी प्रावधान, यसको महत्व, अन्तर्राष्ट्रियस्तरमा भएका असल अभ्यास तथा सूचनाको हकको कार्यान्वयनमा राष्ट्रिय सूचना आयोगबाट भएका कार्यहरुबारे लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री कुलप्रसाद केसीलाई जानकारी गराउने कार्य भयो ।



नेपालको संविधान २०७२ मा सूचनाको हकलाई नागरिकको विशिष्ट मौलिक हकका रुपमा उल्लेख गरिएको तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा रहेको

जानकारी मुख्यमन्त्री माननीय कुलप्रसाद केसीलाई जानकारी गराउँदै सूचना आयुक्त मैनालीले नागरिकको विशिष्ट संवैधानिक हकका रुपमा स्थापित हक सूचनाको हकको कार्यान्वयनलाई अझै सहज बनाउन आवश्यक बजेट र सहयोगको अपेक्षा आयोगले लुम्बिनी प्रदेश सरकारबाट गरेको बताउनु भयो । देश संघीयता कार्यान्वयनमा गइसकेको अवस्थामा प्रादेशिक सूचना आयोग गठन गर्न राष्ट्रिय सूचना आयोगले नेपाल सरकारलाई सुझाव दिएको स्मरण गर्दै सूचना आयुक्त मैनालीले प्रदेशस्तरमा सूचनाको हकसम्बन्धी कानुन बनाउन, प्रादेशिक सूचना आयोग गठन गर्न अथवा प्रदेश मुख्यमन्त्री कार्यालय मातहत राष्ट्रिय सूचना आयोगको शाखा वा सम्पर्क कार्यालय स्थापनाका लागि आवश्यक पहलका लागि माननीय मुख्यमन्त्रीको ध्यानाकर्षण गराउनु भयो ।

सूचनाको हकको सम्मान गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको जनाउँदै मुख्यमन्त्री माननीय कुलप्रसाद केसीले सूचनाको हकको कार्यान्वयनका लागि आफूले यथाशक्य पहल गर्ने बताउनु भयो । प्रादेशिक सूचना आयोग गठन गर्दा व्यवस्थापकीय हिसावले कति सम्भव छ भन्ने विषयमा आफूले प्रदेशका माननीय मन्त्रीहरु तथा सरोकारवालाहरुसँग गम्भीर छलफल गरी छिट्टै निष्कर्षमा पुग्ने बताउँदै मुख्यमन्त्री माननीय कुलप्रसाद केसीले सूचनाको हकको प्रबर्द्धनका लागि आवश्यक बजेट र सूचना आयोगको सम्पर्क वा शाखा कार्यालय स्थापनाका लागि तत्काल पहल गर्ने बताउनु भयो ।

सूचनाको हकको कार्यान्वयनमा देखाएको प्रतिबद्धताका लागि मुख्यमन्त्री माननीय कुलप्रसाद केसीज्यूलाई सूचना आयुक्त मैनालीले धन्यवाद ज्ञापन गर्नुभयो ।